म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५७ शुक्रबार, ४ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 17 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरगढीमा शनिबार सोनाम ल्होछार मनाइने

हेटौंडा, ३ माघ/मकवानपुरगढी गाउँपालिका-२ कुर्लेदमार चौरमा आगामी माघ १२ गते शनिबार सोनाम ल्होछार पर्व मनाइने भएको छ । बिहिबार नेपाल तामाङ घेदुङ मकवानपुरगढी गाउँपालिकाले पत्रकार सम्मेलन आयोजना गर्दै कार्यक्रमको बारेमा जानकारी दिएको हो । तामाङ समुदायको भेषभूषा, साँस्कृतिकपक्ष, कलासंस्कृति, मौलिकसंस्कार, भाषाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गर्न लागिएको समितिका अध्यक्ष सानोकान्छा थिङले जानकारी दिए ।

राष्ट्रिय र स्थानीय कलाकारले तामाङसेलो सांगीतिक प्रस्तुति र नृत्य प्रस्तुति दिने जनाइएको छ । कार्यक्रममा ताम्बा, लामा तथा झाँकी प्रदर्शन, भेषभूषा र खानाका स्टल राखिने अध्यक्ष थिङले जानकारी दिए । यसैगरी कार्यक्रम सञ्चालन गर्न गाउँपालिका र अन्य प्रायोजकसँग समन्वय गरेको र अनुमानित ६ लाख रुपैयाँ खर्च हुने कार्यसमिति सदस्य बिक्रम लुङवाले बताए । पत्रकार सम्मेलनमा कार्यसमिति सल्लाहकार राजकुमार गोले, उपाध्यक्ष विक्रम योञ्जन, सहसचिव भुवन घलान, पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीलगायतको उपस्थितिको रहेको थियो ।

# टाट पल्टिँदै हेटौंडा सिमेन्ट, ४० करोड विद्युत महशुल बक्यौता

साझाकुरा संवाददाता




हेटौंडा, ३ माघ/ हेटौंडा सिमेन्ट उद्योगमा आर्थिक संकट गहिरै जाँदा लामो समयदेखि सिमेन्ट उत्पादन अन्यौलमा परेको छ । उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मतको काम गर्नुपर्ने जनाउँदै असोज १५ देखि सिमेन्ट उत्पादन पूर्णरुपमा बन्द गरेको थियो ।

उपकरण मर्मतसम्भार गरी गत मङ्सिरको पहिलो साताबाटै उत्पादन सुरु गर्ने बताए पनि उपकरण मर्मतको काम नसकिएकाले उत्पादन सुरु गर्न नसकेको उद्योग प्रशासनले जनाएको छ । 'उत्पादन सुरु हुन नसक्नुमा उपकरण मर्मत एउटा पाटो हो । तर, त्यो मात्रैले पनि उत्पादन रोएिको होइन' हेटौंडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भने, 'आर्थिक समस्या बढ्दै गएकाले कहिलेदेखि उत्पादन सुरु गर्ने भन्ने अन्यौलता बढेको हो ।'

'अहिले उत्पादन ठप्प छ र नियमित खर्च निरन्तर बढेको छ', सिमेन्ट उद्योगका प्रवक्ता आचार्यले भने, 'उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीको तलबभत्ता दिनै परेको छ, केही इन्धनखर्च र समान्य मर्मतखर्च भइरहेकै छ, यसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा भइहाल्यो', उनले भने ।

उत्पादन बन्द हुँदा कर्मचारी त्यतिकै बसेर दिन बिताइरहेका छन् । यो उद्योगमा यतिबेला एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेको प्रवक्ता आचार्यले बताए । बिगतका दिनमा करिब एक हजार कामदार कर्मचारी कार्यरत रहेको यो उद्योगले अहिले बहालवाला कर्मचारीको मासिक तलब उपलब्ध गराउन सकेको छैन ।

प्रवक्ता आचार्यका अनुसार तत्काल उद्योग सञ्चालनका लागि उद्योगलाई चाहिने आवश्यक कच्चापदार्थको समेत समस्या छ । 'उद्योग दैनिक सञ्चालन भयो भने कम्तिमा दैनिक एक सय २० मेट्रिकटन कच्चापदार्थ कोइलाको आवश्यक पर्छ', उनले भने, 'तर, त्यो पनि मौज्दात छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।' यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी गर्न सकिएको छैन', उनले भने ।

आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थप्रिएको छ । 'विद्युत् उपभोग गर्‍यो तर, महसुल बुझाउन सकिएन', उनले भने, 'अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी छ भन्न नसकिए पनि करिब ४० करोड रुपैयाँको हाराहारीमा विद्युत महशुल बक्यौता छ होला', त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उनको भनाई छ ।

वि.सं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको सिमेन्ट उद्योगले विसं २०४३ देखि व्यवसायिक रुपमा सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरणहरु पुरानो भइसकेको छ । राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ । 'उपकरण पुरानो र बिग्रिसकेको अवस्थामा छ, त्यस्तो अवस्थामा हामीले अपेक्षाकृत रुपमा सिमेन्ट उत्पादन गर्न सकिरहेका छैनौं', उद्योगका प्राविधिक प्रमुख कामेश्वर मण्डलले भने, 'त्यही भएर हामी अहिले पुरानो उपकरणको मर्मत गरिरहेका छौं, त्यसमा मेकेनिक लगिरहनुभएको छ, धेरै कामहरु सकिसकेको छ र थोरै मात्र बाँकी छ, छिट्टै मर्मत काम सक्छौं ।' त्यसपछि सिमेन्ट उत्पादन गर्न सकिने उनको भनाइ छ ।

एकपछि अर्को समस्यासँग जुध्दै आएको हेटौंडा सिमेन्ट उद्योगले गत २०८१ भदौ महिनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको थियो । उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको यो उद्योग आर्थिक समस्याका कारण यतिबेला थला पर्न लागेको छ । उपकरणको मर्मतकार्य सम्पन्न भएर पुसको दोस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरिए पनि उपकरण मर्मत गर्न अझ समय लाग्ने भएकाले उत्पादनमा ढिलाइ भएको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए ।

'उद्योगको क्लिनर मेसिनलगायतका उपकरणको मर्मतकार्य अझै भइरहेकै छ', अध्यक्ष भण्डारीले भने, 'हामीले पुसको दोस्रो सातासम्ममा मर्मत सकिन्छ र त्यसलगतै पुन: सिमेन्ट उत्पादनको कार्य सुरुगर्ने अनुमान गरेका थियौं ।' तर, अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योगको उत्पादन सुचारु हुन केही दिन थप लाग्नसक्ने उनको भनाइ छ ।

उद्योगसँग आर्थिक समस्याका बाबजुत पनि उपकरणको मर्मत कार्यसम्पन्न हुने बित्तिकै सिमेन्ट उत्पादन सुरु गर्ने गरी तयारी भइरहेको अध्यक्ष भण्डारीले बताए । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मतसम्भारमा समय लागेको बताउँदै अध्यक्ष भण्डारीले मर्मतसम्भारको काम तीव्ररुपमा भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तैबाट उत्पादन सुरु गर्ने तयारी भएको बताए ।

# गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालामा दैनिक १५० मजदुर कार्यरत



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ भरतपुर महानगरपालिका-१५ स्थित रामपुरमा निर्माणाधीन बहुप्रतिक्षित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम तीव्ररुपमा अघि बढेको छ । महानगरले संघ सरकार र प्रदेश सरकारसँगको सहकार्यमा निर्माण सुरु गरेको रंगशालाको हालसम्म १५ प्रतिशत काम सम्पन्न भएको जनाएको छ ।

महानगरका सिनियर डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार हाल १५० मजदुरले दैनिक काम गरिरहेका छन् । दुई दिनपछि कामदार थप गरी २१० पुर्‍याइने जनाउँदै उनले चाडपर्वका समयमा निर्माणमा केही ढिलाइ भए पनि मजदुर थप गरेर लक्ष्यअनुरुप कामलाई तीव्र बनाइएको बताए । प्यारापिटको ढलानका लागि डण्डी बाध्ने, दुईवटै टावरमा पिल्लर राख्ने, नालाको ढकनी बनाउनेलगायत काम भइरहेका इन्जिनियर आचार्यले जानकारी दिए । उनले भने, 'हामीले १५ प्रतिशत काम सम्पन्न गरेका छौं । बजेटको समस्या नभएमा तोकिएको समयमा निर्माण सम्पन्न हुनेछ । हालसम्म निर्माण कम्पनीलाई ६ करोड ६० लाख रुपैयाँ अग्रिम भुक्तानी गरिएको छ ।'

महानगरप्रमुख रेनु दाहालले प्रदेश सरकारले १० करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिइन् । संघीय सरकारले चालु आर्थिक वर्ष विनियोजन गरेको २५ करोड भने हालसम्म नआएको उनले बताइन् । सहरी विकास मन्त्रालयबाट फाइल अर्थमन्त्रालयमा पुगिसकेकाले यथाशीघ्र बजेट निकासा हुने उनले विश्वास व्यक्त गरिन् । महानगर प्रमुख दाहालले भनिन्, 'दुई महिनाअघि अर्थमन्त्रालयमा फाइल पुगेको छ । अर्थमन्त्री र सचिवसँग यो विषयमा छलफल भइसकेको छ । केही दिनमा बजेट निकासा हुने आश्वासन पाएको छु ।' प्रदेश र संघीय सरकारबाट बजेट निकासा समयमा हुने प्रतिबद्धता आएकाले बजेटका कारण काम नरोकिने उनले बताइन् ।

आर्थिक अभावका कारण धुर्मुस सुन्तली फाउण्डेशनले काम स्थगित गर्दै स्वामित्व हस्तान्तरण गरेपछि बागमती प्रदेश र संघीय सरकारसँगको समन्वयमा भरतपुर महानगरपालिकाले रंगशाला निर्माण अगाडि बढाएको हो । रंगशाला निर्माणको जिम्मा पाएको हिमालयन कालिञ्चोक बिबिआर जेभीले दुईवटा भीआइपी टावर, १० हजार सिट क्षमताको प्यारापिट, मैदान र पीच निर्माण सुरु गरेको छ ।

धुर्मुस सुन्तली फाउण्डेशनले यसअघि ५ हजार क्षमताको प्यारापिट निर्माण गरिसकेकाले यो काम सकिएपछि रंगशालाको कुल क्षमता १५ हजार पुग्ने महानगरका सिनियर इन्जिनियर आचार्यले जानकारी दिए । गत असार २३ गते ७८ करोड ५० लाखमा ३० महिनाभित्रमा काम सक्नेगरी भरतपुर महानगर र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । सम्झौता मितिभन्दा अगाडि काम सक्ने निर्माण कम्पनीको दाबी छ । रंगशाला बनेसँगै अन्तर्राष्ट्रियस्तरका क्रिकेट खेल यहाँ खेल्न सकिने छ ।

महानगरप्रमुख दाहालले संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्य र समन्वयमा बन्न लागेको रंगशालालाई यथाशीघ्र सम्पन्न गरी खेलकुदका प्रतियोगिता सञ्चालन गर्ने महानगर को योजना रहेको बताइन् । तीनैतहका सरकारको सहलगानीमा निर्माण हुन लागेको क्रिकेट रंगशालालाई महत्वका साथ हेरिएको छ । तीनै तहका सरकारको लगानीमा हुने विकास अयोजनामध्य यो नमूनाको आयोजना बन्नसक्ने बताइएको छ ।

# समुदायस्तरमा कानुनीशिक्षा हेटौंडा-१२ र १३ मा



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१२ र १३ मा रहेका टोल विकास संस्था एवम् अन्य संघसंस्थाका पदाधिकारी, सदस्यको लागि समुदायस्तरीय कानूनी शिक्षा अनुशिक्षण कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रम टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरपालिकाको आयोजना तथा हेटौंडा उपमहानगरपालिका न्यायिक समितिको सहयोगमा भएको हो । कार्यक्रम नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता तथा वडा नम्बर १३ का वडाअध्यक्ष पेम्बा लामाको विशेष आतिथ्यतामा भएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका न्यायिक समितिका सदस्य एवम् नगरसमन्वय समिति सल्लाहकार ज्ञानबहादुर थापा, टोल विकास संस्था नगर समन्वय समितिका उपाध्यक्ष विष्णु ढुंगाना, मेलमिलाप केन्द्रका संयोजक एवम् नगरसमन्वय समितिका सदस्य यदुवंश खतिवडा, नगरसमन्वय समितिका सदस्य रामबहादुर वाईबा, नगरसमन्वय समितिका सदस्य एवम् १३ नं वडा समन्वय समितिका अध्यक्ष बालकुमार श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिका कानूनी अधिकृत अधिवक्ता सुजन तिमल्सिना, अप्सरा बस्नेत तथा अन्जिता थापाले सहजीकरण गरेका थिए ।

# लटारम्भेस्वरमा पनि माघेसंक्रान्ति मेला भर्नेको घुँइचो

साझाकुरा संवाददाता



हेटौंडा, ३ माघ/ भीमफेदी गाउँपालिका-८ स्थित लटारम्भेश्वर मन्दिरमा प्रत्येक वर्ष माघ १ गते लाग्ने मेला यस वर्ष पनि भव्यरुपमा सम्पन्न भएको छ ।

भीमफेदी गाउँपालिकाको अगुवाइमा स्थानीय साङ्गेशान्ति युवा क्लबको आयोजनामा मकवानपुरको भीमफेदी र बकैया गाउँपालिकाको सीमानामा पर्ने महादेवटारको डब्लुडाँडामा रहेको लटारम्भेश्वर मन्दिरमा मेला भएको हो । क्लबका अध्यक्ष विशम भोलनलामाको सभाअध्यक्षतामा भएको कार्यक्रममा भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाको प्रमुख आतिथ्यता तथा ८ नम्बर वडाअध्यक्ष विष्णुबहादुर लामाको विशेष आतिथ्यता रहेको थियो ।

गाउँपालिका अध्यक्ष लामाले उपस्थित श्रद्धालु भक्तजनलाई स्वागत गर्दै लटारम्भेश्वर मन्दिरलाई भीमफेदी गाउँपालिकाले प्रमुख धार्मिक केन्द्रकारुपमा राखेर संरक्षण र प्रचारप्रसारमा लागेको बताए । उनले धार्मिकग्रन्थअनुसार महादेवले सतीदेवीको मृत शरीरलाई बोकेर हिँड्दा यस पवित्रस्थलमा आइपुग्दा सतीदेवीको लट्टा पतन भएर लटारम्भेश्वर महादेवको उत्पत्ति भएको किंवदन्ती रहेको बताउँदै अब यस लटारम्भेश्वर मन्दिरलाई देशकै उत्कृष्ट धार्मिकक्षेत्रको रुपमा लैजान आफूले काम गर्ने बताए ।

उनले आफू गाउँपालिका अध्यक्ष नहुँदासम्म यसक्षेत्रमा आउन धेरै कठिन, घाँसको जरामा टेकेर आउनुपर्ने अहिले बाटो, खानेपानी, बिजुलीलगायत मन्दिरको संरक्षणमा अतुलनीय काम भएको बताए । 'तपाईहरु आफैंले देख्नुभएको छ' भन्दै उपस्थित भक्तजनलाई स्वागत गरे ।

लटारम्भेश्वर मन्दिरमा प्रत्येक वर्ष बैशाख १ गते र माघ १ गते भव्यरुपमा मेला लाग्ने गर्दछ । मेला हेर्न काठमाडौं, ललितपुर, भक्तपुर, बारा, पर्सा, मकवानपुर देखिका भक्तजन करिब ५ हजार जतिको उपस्थिति रहेको आयोजक संस्थाका अध्यक्ष लामाले बताए ।

मेलालाई इलाका प्रहरी कार्यालय ठिंगनले सुरक्षा प्रदान गरेको थियो । मेलाको लागि मन्दिरलाई रङ्गीचङ्गी बनाएर झिलिमिली सहित सजावट गरिएको थियो । अध्यक्ष लामाले भने लटारम्भेश्वर मन्दिर जानको लागि हेटौंडाबाट चौघडा, चुचेखोला, ठिंगन हुँदै जान सकिन्छ भने काठमाडौंबाट सातदोबाटो, चापागाउँ, टीकाभैरव, छबेली, बगुवा हुँदै महादेवटारबाट पनि जान सकिन्छ ।

भक्तजनको लागि स्थानीय युवाले स्थानीय उत्पादनमा रहेर गाँस, बास र कपासको पनि राम्रो व्यवस्था गरेको थियो । मन्दिर सम्म पुग्नको लागि काठमाडौंबाट र हेटौंडाबाट लगभग बराबरको दूरी रहेको छ । दुवैतर्फ काठमाडौंबाट र हेटौंडाबाट कान्तिराजपथ हुँदै करिब ५० किलोमिटरको दूरी पार गरेपछि लटारम्भेश्वर मन्दिर पुग्न सकिन्छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# शीतभण्डार अलमल, किसान मर्कामा

किसानका कृषिउत्पादन सुरक्षित राखेर बेमौसममा बेच्दा राम्रो मूल्य प्राप्त हुने भन्दै बागमती प्रदेश सरकारको पहलमा निर्माण भएका शीतभण्डार संचालनमा आउन सकेको छैन । मौसमी, बेमौमी तरकारी र फलफूललाई सुरक्षित भण्डारण गरी बजारमा बिक्री गर्दा किसानलाई राम्रो आम्दानी हुने भन्दै प्रदेश सरकारले हरेक जिल्लामा शीतभण्डार निर्माणको योजना अघि सारेको थियो । प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजीक्षेत्रको साझेदारीमा एक अर्ब ६ करोडका १२ शीतभण्डार ६ वर्षअघि निर्माण थालेको थियो । तीमध्ये ६ वटा शीतभण्डार निर्माण सम्पन्न भएपनि प्रयोगविहीन छ । ४ वटा निर्माण पूरा हुने क्रममा छ । जग्गा उपलब्ध नहुँदा २ वटा शीतभण्डारको निर्माण सुरु हुनै सकेन । प्रदेश सरकार र साझेदार निकायले बनिसकेका, बन्दै गरेका र निर्माण नै सुरु नभएका १२ शीतभण्डारका लागि अहिलेसम्म ७६ करोड ७२ लाख ४८ हजार रुपैयाँ निर्माण कम्पनीलाई भुक्तानी दिइसकेका छन् । शीतभण्डार निर्माणमा लाग्ने खर्च प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने तथा प्रदेश र निजीक्षेत्रको साझेदारीमा ५०/५० प्रतिशत रकम व्यहोर्ने सम्झौता भएको थियो ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमार्फत 'एक जिल्ला एक शीतभण्डार' को अवधारणा ल्याएको थियो । दोलखा, काभ्रे, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीतभण्डार निर्माण थालियो । नुवाकोटमा २, दोलखामा २ र अन्य जिल्लामा एक/एक शीतभण्डार निर्माणको काम सुरु गरियो । दोलखाको एक र काभ्रेको शीतभण्डार जग्गा उपलब्ध नहुँदा निर्माण सुरु हुन सकेन । मकवानपुरको थाहा नगरपालिकाले आफैं निर्माण र सञ्चालनको जिम्मा लिएको थियो । त्यसबाहेक अन्य स्थानमा साझेदार संस्थाको सहयोगमा शीतभण्डार निर्माण भएको छ । प्रदेशको साबिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय)ले साझेदार संस्थासँगको सहकार्यमा ३ चरणमा एक वर्षभित्र निर्माण सक्ने गरी शीतभण्डार निर्माणको ठेक्का प्याकेजमा लगाएको थियो । पहिलोचरणमा ८ वटा शीतभण्डार निर्माणका लागि २०७६ असार २५ मा, दोस्रो चरणमा २ वटा शीतभण्डारका लागि असार ३० मा र तेस्रो चरणमा २ वटा शीतभण्डार निर्माणका लागि माघ १३ मा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । १० वटा शीतभण्डारमध्ये ५०० मेट्रिकटन क्षमताका ५ र ३०० मेट्रिकटन क्षमताका एक शीतभण्डार निर्माण सम्पन्न भइसकेका छन् । शीतभण्डारको पूर्वाधार निर्माणसहित सबै काम सम्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । एक वर्षभित्र सक्ने सम्झौता भएपनि कोभिड-१९ महामारीलगायत कारण दुई पटकसम्म म्याद थपेर ती शीतभण्डार निर्माण गरिएका हुन् । साझेदार संस्थालाई हस्तान्तरण नहुँदा व्यावसायिकरुपमा शीतभण्डार प्रयोगमा आउन सकेका छैनन् ।

काभ्रेमा शीत भण्डार निर्माणका लागि तीन करोड ६४ लाख ५६ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको हो । प्रदेश कृषि मन्त्रालयका अनुसार निर्माण भइसकेका र निर्माणकार्य जारी रहेका शीतभण्डारका साझेदारले सम्झौताअनुसार १० करोड १२ लाख ४४ हजार रुपैयाँ भुक्तानी दिन बाँकी छ । सरकारले निर्माण गरेको शीतभण्डार सञ्चालनमा ल्याउन कठिन रहेको मन्त्रालयका सचिव भट्टराई बताउँछन् । एकै प्रकृतिको काम प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीय जटिलता देखिएको हो । धादिङको शीतभण्डारको साझेदारलाई १०० प्रतिशत छुट दिएर बनाइएको छ । त्यसलाई हस्तान्तरण नगर्नु भन्ने महालेखाको निर्देशन छ । सरकारको व्यवस्थापकीय कमजोरीका कारण अहिले समस्या भएको हो । शीतभण्डार हस्तान्तरण, अनुगमन तथा सञ्चालनको मोडालिटीबारे अन्योल रहेको अवस्था छ । विगतका नेतृत्वले कमजोरी गर्दा आमकृषक समस्यामा छन् भने सरकारको लगानी बेकार बनिरहेको छ । सरकारबाट ठोस निर्णय नभएसम्म निकास आउन नसक्ने अवस्था छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ५ गते शनिबार १८ जनवरी २०२५ । पञ्चमी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# निर्धारित समयभित्रै पूर्वाधार बनाउन विकास संकटकाल



डा. नारायणप्रसाद सुवेदी

नेपालले योजनाबद्ध विकासका प्रयासबाट ६७ वर्षमा थुप्रै उपलब्धि हासिल गरे पनि अपेक्षित लक्ष्य प्राप्त गर्न सकिएको छैन । 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय लक्ष्य प्राप्तिका लागि योजना तर्जुमा, खरिद प्रक्रिया, कार्यान्वयन र समग्र विकास प्रक्रियामा पुनरावलोकन आवश्यक छ । अहिलेको योजना तर्जुमा, खरिद प्रकिया, कार्यान्वयन र समग्र विकास प्रक्रिया समेतलाई गहिरोसँग पुनरावलोकन गर्न आवश्यक छ । अपेक्षाकृत सुधार र प्रगति प्राप्त गर्न केही ठूला योजना तर्जुमा गरिए तापनि नेपालको विकास प्रक्रियामा अव्यवस्थित, असङ्गठित, अवैज्ञानिक तथा पर्याप्त पूर्व तयारी विना हुने कार्यान्वयनका कारण नागरिकको अपेक्षा बमोजिमका परिणामहरू प्राप्त हुनसकेका छैनन् ।

अहिलेसम्म १० पञ्चवर्षीय र ५ त्रि-वर्षीय योजनाहरू कार्यान्वयन भएका छन् । नेपाललाई २०२६ सम्म विकासशील राष्ट्रमा स्तरोन्नति गरी २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने लक्ष्य राखिएको छ । हाल १६औं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा छ । नेपाल सरकारले आव २०६८/६९ देखि आर्थिक, सामाजिक विकासमा योगदान पुऱ्याउने रणनीतिक महत्वका पूर्वाधार र संरक्षण योजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा घोषणा गरेको हो । हालसम्म २७ आयोजना (यातायात ७, सिंचाइ ६, विद्युत् ४, विमानस्थल ३, खानेपानी १, अन्य ६) सूचीकृत छन् ।

करिब ३३ खर्ब रुपैयाँ अनुमानित खर्च भएका यी उच्च प्राथमिकताका आयोजनाहरूका लागि वार्षिक विकास कार्यक्रम अन्तर्गत आवश्यक बजेट सुनिश्चित गरिन्छ । राष्ट्रिय गौरवको मेलम्ची आयोजना २०५५/५६ देखि कार्यान्वयनमा रहेको छ र २३ वर्षपछि सम्पन्न हुने अवस्थामा छ । यद्यपि, अन्य परियोजनाहरू जस्तै पश्चिम सेती जलविद्युत् समेत लामो समयदेखि अलपत्र छन्, जसले नेपालको योजनाबद्ध विकासमा गति दिन सकेको छैन । वर्तमान कानूनी व्यवस्था र कार्यान्वयनशैलीका कारण राष्ट्रिय लक्ष्य सहजै प्राप्त गर्न सकिंदैन । यसले राष्ट्रिय गौरवका आयोजना भने पनि कार्यान्वयन र प्रगति अवस्था र प्राप्त उपलब्धि हेर्दा राष्ट्रिय गौरव गर्न लायकको नभएको स्वत: सिद्ध हुन्छ ।

### अपेक्षित विकास हुन नसक्नुका कारण

योजनाबद्ध विकासका सात दशकको प्रयासले गरिबी न्यूनीकरणमा उल्लेखनीय प्रगति गरेको छ । कृषि, सिंचाइ, ऊर्जा, पर्यटन, शिक्षा, महिला सशक्तीकरण, सामाजिक समावेशीकरण र स्वास्थ्य सेवाको विस्तारमा सकारात्मक उपलब्धि भए पनि समग्र उपलब्धिमा सन्तोषजनक अवस्था छैन । निष्पक्ष र क्षमतामा आधारित व्यक्तिलाई जिम्मेवारी दिन जरूरी देखिन्छ । स्थायी संस्थाहरू दलीय प्रभावबाट मुक्त नभएसम्म व्यावसायिकता र प्रभावकारिता हासिल गर्न कठिन छ । विकास आयोजनामा अपेक्षित उपलब्धि नहुनुका कारण निम्नलिखित छन् :

(१) राष्ट्रिय गौरव, रूपान्तरणकारी एवं ठूला आयोजनाहरूको स्पष्ट सूचक (की-इन्डिकेटर), मापदण्डका आधारमा परिभाषित एवं वर्गीकृत हुन नसक्नु ।
(२) राष्ट्रिय गौरव र रूपान्तरणकारी योजनाका आधार, प्रभाव, आकार, समयसीमा, बजेट सीमा, कार्यान्वयन तरिका र मोडालिटी समेत प्रष्ट नहुनु ।
(३) प्रविधिको प्रयोग, आयोजनाको विशिष्टता वा नेपाली मौलिकताका अन्य पक्षलाई आधार मानेर राष्ट्रिय गौरवका आयोजनाको घोषणा नगरिनु ।
(४) कार्यान्वयन विधिमा विशिष्टता नहुनु, व्यवहारमा ठोस प्रतिबद्धता नदेखिनु, विशिष्टीकृत ऐन, कानून तथा संरचनागत व्यवस्था नहुनु ।
(५) ठेक्का/बोलपत्र आह्वान पूर्व गर्नुपर्ने पूर्व तयारीका (विस्तृत डिजाइन, सर्वेक्षण, जग्गा प्राप्ति, साइट क्लियरेन्स एवं पहुँच मार्ग लगायत) कामहरू पूर्णरूपले समयमै सम्पन्न नहुनु । जस्तै २००२ तिर अवधारणा विकास भएको हुलाकी मार्गको प्रगति अझै आधा नपुग्नु ।
(६) कतिपय आयोजना (जस्तै द्रुतमार्ग) को कार्यान्वयन सञ्चालन मोडालिटीमै झण्डै एक दशक जति अलमल हुनु जसले गर्दा आयोजनाको प्रारम्भिक लागत करिब १११ अर्बबाट बढेर २१४ अर्ब पुग्नु ।
(७) कतिपय आयोजना (जस्तै मध्यपहाडी लोकमार्ग) को पूर्ण रूपमा डिजाइन तथा अलाइनमेन्ट नै निर्धारण नगरी कार्यान्वयनमा लगिनु, साथै पटक-पटक अलाइनमेन्ट परिवर्तन गरिनु ।
(८) स्रोतको सुनिश्चितता नभई आयोजना कार्यान्वयनमा लगिनु र कार्यान्वयनको समयमा समेत बजेटको अभाव हुनु ।
(९) उपयुक्त व्यक्तिलाई उपयुक्त समयमा उपयुक्त जिम्मेवारी नदिइनु साथै प्राविधिक तथा दक्ष जनशक्तिको समुचित व्यवस्थापन हुन नसक्नु ।
(१०) गुरुयोजना, आवधिक योजना र दिगो विकास लक्ष्यहरू बीच तादाम्यता कायम गर्न नसक्नु, जग्गा प्राप्तिमा कानूनी, प्रक्रियागत र व्यावहारिक जटिलता कायम नै रहनु ।
(११) अव्यवस्थित रूपमा भू-उपयोग हुनु ।
(१२) आयोजनाको प्राथमिकीकरणलाई यथार्थपरक बनाउन नसक्नु ।
(१३) निर्णय प्रकियामा ढिलाइ हुनु ।
(१४) स्रोत व्यवस्थापनको वैकल्पिक तरिका/मोडेलहरू (जस्तै प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक निजी साझेदारी, मिश्रित वित्त, जलवायु वित्त, शून्य कार्बन बजेट तथा इन्जिनियरिङ प्रोक्युरमेन्ट, कन्स्ट्रक्टिङ एण्ड फाइनान्सिङ कन्ट्र्याक्ट आदि) लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसक्नु ।
(१५) सार्वजनिक खरिद सम्बन्धी प्रावधानहरू जटिल हुनु । विशेष प्रकृतिका आयोजना निर्माण सम्बन्धमा प्रचलित कानून अस्पष्ट, अव्यावहारिक तथा अमैत्री हुनु ।
(१६) कतिपय आयोजनाका क्रियाकलापहरूको चरणबद्ध एवं समानान्तर रूपमा निर्माण हुन नसक्नु ।
(१७) अनुगमन प्रतिवेदनमा सुझाइएको विषय कार्यान्वयन नहुनु/नगर्नु ।
(१८) निर्णय हुने तर कार्यान्वयन नहुनु र निर्णय कार्यान्वयनको निरन्तर फलोअप नहुनु ।
(१९) प्राय: सम्पन्न आयोजनाहरूको असर र उपलब्धि मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणका आधारमा भविष्यमा निर्माण हुने आयोजनाको सुधार गर्ने संस्थागत व्यवस्था नगरिनु ।
(२०) मुआब्जा विवादका कारण करिब दुई दशकसम्म पनि कतिपय प्रसारण लाइन निर्माण गर्न नसक्नु साथै अन्य आयोजना पनि समयमै सम्पन्न हुन नसक्नु ।
(२१) कतिपय आयोजना (जस्तै विमानस्थल) को मुआब्जामै लागत भन्दा तीन गुणा बढी खर्च हुनु ।
(२२) हाल सञ्चालनमा रहेका ठूला योजनाहरू जस्तै बबई सिंचाइ योजना करिब ३५ वर्षदेखि सञ्चालनमा रहे पनि मूर्त रूपमा सम्पन्न हुन नसक्नु ।
(२३) १७ वटा राष्ट्रिय गौरवका योजनाहरू पनि योजना अवधिभित्र (२०७६/७७–२०८०/८१) सम्पन्न गर्ने लक्ष्य राखिएकोमा ३ वटा मात्र (१८ प्रतिशत मात्र) (माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल) सम्पन्न भएका छन् भने काठमाडौं मेट्रो र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको कार्य शुरू नै हुनसकेको छैन ।
(२४) अन्तरमन्त्रालय/अन्तरनिकाय समन्वयको अभावले अन्तर्राष्ट्रिय बोलपत्रद्वारा गरिएको ठेक्कामा विदेशबाट सामान ल्याउन, एलसी खोल्न, विस्फोटक पदार्थ आयातमा ढिलाइ हुनु ।

### के हो विकास संकटकाल ?

विकास संकटकाल भनेको कुनै पनि विकास परियोजना समयमा, तोकिएको लागत, लक्ष्य र उद्देश्य पूरा हुने गरी कार्यान्वयन गर्न आवश्यक विशेष कानूनी व्यवस्था र प्रणाली सुनिश्चित गर्ने प्क्रिया हो । यसका विशेषताहरूमा आयोजना पहिचान र तर्जुमा, छुट्टै कानूनी र व्यवस्थापकीय प्रबन्ध, दृढ नेतृत्व र स्रोत व्यवस्थापन, छरितो खरिद प्रक्रिया, स्वायत्तता सहितको अधिकार र स्वतन्त्र जिम्मेवारी, जनशक्ति र बजेट सुनिश्चिततालाई लिन सकिन्छ ।

समग्रमा, छोटो र चुस्त खरिद प्रक्रिया सहित सार्वजनिक निकायलाई स्वायत्तता र अधिकार दिने जिम्मेवारी र तत्काल कार्यान्वयन हुने व्यवस्था सहित विकास परियोजनालाई तीव्रगतिमा अघि बढाउने पर्याप्त अवस्थाको सुनिश्चितता नै विकास संकटकाल हो । यसरी, विकास संकटकालले नेपालमा दिगो विकासको लागि सशक्त आधार तयार गर्नेछ । नेपालमा ६ पटक राजनीतिक व्यवस्था र सात वटा संविधान परिवर्तन हुँदा पनि अपेक्षित आर्थिक वृद्धि हुन नसकेर अतिकम विकसित राष्ट्रबाट हुने स्तरोन्नतिलाई दिगो र टिकाउ राख्न राष्ट्रिय आवश्यकता अनुरूपका विकासका क्षेत्रहरू समेटी अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति सम्बन्धी सहज स्थानान्तरण रणनीति, २०८० तर्जुमा गरिएको छ ।

गरिबले आर्थिक वृद्धिको लाभ नपाएसम्म देश समृद्ध हुन सक्दैन । जसका लागिह पहिलो, विकासलाई जनताको आवश्यकतासँग जोड्नह दोस्रो, वातावरण र अवस्था अनुसारको विकास मोडेल अपनाउनह तेस्रो, जीवनस्तरसँग समन्वय गर्नह र चौथो, विकासको प्रतिफल सबै क्षेत्रमा समान वितरण सुनिश्चित गर्न आवश्यक छ । यसले जनतामा आशा जागृत गर्न सकिन्छ र आयमा सन्तुलित वृद्धि सम्भव हुन्छ । यसले बहुपक्षीय सामाजिक गरिबीको चक्र तोड्न मद्दत पुऱ्याउँछ, विकासमा योगदान पुऱ्याउँछ र आर्थिक समृद्धिको बाटो पछ्याउँछ ।

उच्च प्रतिफल दिने भौतिक पूर्वाधार समयमै निर्माण, व्यवस्थापन र सञ्चालन गर्दा मात्रै आर्थिक वृद्धिको यात्रा सहज हुने देखिन्छ । तर सडक, विद्युत्, खानेपानी, सिंचाइ लगायत पूर्वाधारका प्राय:जसो आयोजना पूर्व निर्धारित समयावधिमा सम्पन्न हुन नसक्दा एकातिर निर्माण लागत बढ्ने सम्भावना हुन्छ भने अर्कोतिर आयोजना सम्पन्न भएपश्चात् वार्षिक रूपमा प्राप्त हुनसक्ने प्रतिफल (रिटर्न, आय) बाट समेत वञ्चित हुन गई दोहोरो तर्फबाट नै आर्थिक समृद्धिको यात्रामा धक्का पुग्ने देखिन्छ ।

यसले गर्दा देशको अर्थतन्त्र रेमिट्यान्स र आयातमा मात्रै निर्भर हुन गई संकटोन्मुख अवस्थामा रहेको छ । तसर्थ देशलाई संकटबाट बाहिर निकाली द्रुततर आर्थिक विकासको लय समात्न विद्यमान समग्र प्रक्रिया एवं वातावरणबाट असम्भव हुने भएकोले विशेष प्रावधान/व्यवस्था सहितको विकास संकटकाल एकमात्र विकल्प देखिएको हो । तसर्थ यस्ता राष्ट्रिय गौरवका ठूला परियोजनाहरूको निश्चित समयावधि भित्र निर्दिष्ट लक्ष्य हासिल गर्ने गरी निर्माण र व्यवस्थापन गर्न हालका नियम, कानुन, स्थानीय वातावरण, वित्तीय स्रोत र संगठनात्मक अवस्थाबाट सम्भव छैन ।

तसर्थ उपयुक्त विकासमैत्री वातावरण, आवश्यक नीति, ऐन, कानून, संगठनात्मक संरचना, विकास कार्यसँग सम्बन्धित प्राविधिक तथा अधिकारीहरूको उच्च मनोबल एवं सीप, क्षमता, इमानदारी, नैतिकता, बौद्धिकता, जिम्मेवारी, जवाफदेहीको सम्मान, पहिचान र मूल्यांकन गर्ने अवस्थाको सिर्जना गर्न निम्नबमोजिम विकास संकटकाल घोषणा आवश्यक देखिन्छ :

(१) आगामी २०२६ पछि अतिकम विकसित मुलुकका रूपमा नेपालले विश्वव्यापार संगठन (डब्ल्युटीओ) बाट पाइरहेको सुविधा र सहयोग कटौती हुनसक्ने भएकोले सोको लागि तयार हुन पनि आफ्नै खुट्टामा उभिने गरी देशभित्र तीव्र आर्थिक वृद्धिको वातावरण सिर्जना गर्न ।
(२) तोकिएको समयावधिभित्रै पूर्वाधार निर्माण सम्पन्न गर्न ।
(३) देशको आवश्यकता र जनचाहना अनुरूप विकासको प्रतिफल समयमै हासिल गरी आर्थिक वृद्धि गर्न ।
(४) राष्ट्रिय गौरव, रूपान्तरणकारी एवं ठूला आयोजनाहरूको कार्यान्वयन पूर्व र कार्यान्वयनका क्रममा अनुभूत गरिएका समस्याहरूको अन साइट व्यावहारिक तथा यथार्थपरक समाधान गर्न ।
(५) समस्या समाधानको लागि यथाशीघ्र सम्बन्धित पक्ष/बहुपक्षहरू बीच निरन्तर प्रभावकारी समन्वय र सहजीकरण गर्दै सहकार्यको वातावरण सिर्जना गर्न ।
(६) वातावरण र विकास बीचको अन्योन्याश्रित सम्बन्धलाई मध्यनजर गरी वातावरण संरक्षण, सम्वर्धन गर्दै सन्तुलित वातावरणमैत्री विकास गर्न ।
(७) क्षमता र योग्यताको पूर्वाधार निर्माणमा अधिकतम उपयोग गर्न ।
(८) राष्ट्रिय लक्ष्य 'समृद्ध नेपाल, सुखी नेपाली' प्राप्तिमा सम्पूर्ण ध्यान केन्द्रित गर्न ।
(९) पूर्वाधार निर्माणको पूर्व तयारीका क्रममा, कार्यान्वयन र कार्यान्वयन पश्चात् आइपर्ने व्यवधानहरूलाई समाधान गर्न ।
(१०) सीमित स्रोत र साधनको पूर्वाधार निर्माणमा अधिकतम उपयोग गर्न ।

### यो कसरी प्राप्त हुन्छ ?

विकासे संस्कृति र विकासमैत्री वातावरण सिर्जना विकास संकटकालका पूर्वशर्त हुनुपर्ने गरी कम्तीमा १५ वर्षसम्म विकास संकटकाल लगाउन जरूरी देखिन्छ । नेपालको अर्थतन्त्र मुख्यत: कृषि र वैदेशिक रोजगारीमा निर्भर छ । तर, कृषि परम्परागत र निर्वाहमुखी प्रणालीमै सीमित छ । वैदेशिक रोजगारीले अस्थायी राहत दिए पनि दीर्घकालीन आर्थिक वृद्धिमा टेवा दिन असफल देखिन्छ । व्यापार घाटा, रेमिट्यान्स निर्भरता र उद्योगको न्यून विकासले अर्थतन्त्रलाई कमजोर बनाएको छ । आर्थिक समृद्धिका लागि आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र आय आर्जनमा जोड दिनुपर्छ ।

यसका लागि पूर्वाधार विकास अपरिहार्य छ । तर, सरकारी बजेट अभावले पूर्वाधार निर्माणमा निजी क्षेत्रको इनोभेटिभ फन्डिङ आवश्यक छ । बीओटी, बीओओटी, इपीसिफ जस्ता मोडेल मार्फत निजी क्षेत्रको सहभागिता र संलग्नता वृद्धि गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउने वातावरण राज्यका तर्फबाट सिर्जना गर्नुपर्ने देखिन्छ । नेपाल जस्तो विकट भौगोलिक अवस्थिति भएको देशमा आर्थिक विकास र समृद्धि चुट्कीको जादू नभएर ठूलो त्याग, धैर्य, कठिन परिश्रम, सुझबुझपूर्ण लगानी, वैदेशिक सहयोग र गुणस्तरीय पूर्वाधार निर्माण मार्फत मात्र सम्भव छ । जसका लागि दृढ राजनीतिक इच्छाशक्ति, राष्ट्रसेवकको इमानदारी, कार्यप्रतिको समर्पण र पेशाविद् विज्ञहरूको निरन्तरको सल्लाह, सुझाव तथा गलत कार्य हुनबाट रोक्न चेतावनी पनि आवश्यक छ ।

पूर्वाधार योजनामा शुरुआती चरणबाटै स्थानीय जनताको सुझाव समेट्न र पारदर्शी नीति अपनाउन जरूरी छ । नेपालमा योजना निर्माण र कार्यान्वयन बीचको ठूलो खाडलले दीर्घकालीन विकासमा पुऱ्याएको बाधा हटाउन र पूर्वाधार विकास मार्फत प्राप्त हुने अपेक्षित प्रतिफल हासिल गर्न विकास संकटकालको आवश्यकता देखिएको छ । जुन निम्न लिखित तरिकाले पूर्वाधार विकास निर्माणको लागि कार्यान्वयन गर्न सकिन्छ :

(१) विकास संक्टकालीन ऐन तर्जुमा गरी तत्काल कार्यान्वयनमा ल्याएर ।
(२) निजामती सेवाबाट अलग गरी विकास आयोजनासँग सम्बद्ध छुट्टै नेपाल इञ्जिनियरिङ सेवा गठन गरेर ।
(३) सार्वजनिक काममा व्यक्तिगत जोखिम मोल्नुपर्ने अवस्थाको अन्त्य गरी विकाससँग सम्बन्धित प्राविधिकहरूको मनोबल उच्च राखी राष्ट्रिय लक्ष्यमा केन्द्रित हुन नेपाल इन्जिनियरिङ काउन्सिलद्वारा गठित विज्ञ टोलीको सिफारिसमा मात्रै गुणस्तरयुक्त नभएको कार्यमा कानुनी कारबाही प्रारम्भ गरेर ।
(४) योजना छनोट प्रक्रिया वैज्ञानिक र वस्तुनिष्ठ हुने गरी स्पष्ट मापदण्ड तोकेर आयोजना बैंक मार्फत छनोट गरी स्रोत सुनिश्चितताको ग्यारेन्टी पश्चात् मात्र ठेक्का प्रक्रिया शुरू गरेर ।
(५) योजनाको पूर्व तयारीको चरणमा गर्नुपर्ने सम्पूर्ण कामहरू जस्तै उपभोक्ता, सरोकारवालासँग समन्वय, जग्गा प्राप्ति वा उपयोगको सहमति, अन्तरनिकाय समन्वय, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति पूरा अनि बोलपत्र आह्वान गरेर ।
(६) आयोजना निर्माणमा स्थानीय निर्माण सामग्री उपलब्धताको सुनिश्चितता हुनेगरी खानी क्षेत्र तोकेर ।
(७) डिजिटल प्रणालीको उपयोग गरी बोलपत्र दाताको क्षमता र अवस्था (वर्क इन हेन्ड) सही सूचना प्रदान गर्न 'रियल टाइम कन्ट्र्याक्टर्स इनसाइट्स, अन्डर वन पीपीएमओ पोर्टल' कार्यान्वयनमा ल्याई उपयुक्त ठेक्का व्यवस्थापन गर्ने आधार निर्माण गरेर ।
(८) योग्य तथा सक्षम बोलपत्रदाताको छनोट गरी प्रभावकारी कार्यान्वयन गर्न नन-पर्फमर कन्ट्र्याक्टर/बोलपत्रदाता (सम्बन्धित आयोजना प्रमुखको सिफारिस समेतको आधारमा यकिन गर्ने) बोलपत्र मूल्यांकनमा अप्रभावग्राही एवं अयोग्य हुने कानूनी व्यवस्था गरेर ।
(९) विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न दलगत र राष्ट्रगत संकल्पलाई देखिने र महसुस हुने गरी व्यवहारमा आन्तरिकीकरण गर्न पर्याप्त बाध्यात्मक संयन्त्रगत व्यवस्था गरेर ।
(१०) राष्ट्रव्यापी रूपमा समग्र आयोजना कार्यान्वयनको लागि प्रयोग भएको वन क्षेत्रलाई कम्तीमा 'कमपेन्सियसन एवं रिप्लेसमेन्ट लेभल' मा ल्याउन प्रत्येक आयोजनामै छुट्याइएको पुन: वृक्षरोपण बजेट, सम्बन्धित सबै मन्त्रालय मार्फत सीधै वन मन्त्रालय अन्तर्गत एकीकृत राष्ट्रिय पुन: वृक्षरोपण इकाई स्थापना गरी आवश्यक जग्गाको पहिचान, प्राप्ति, वृक्षरोपण, संरक्षण लगायत सम्पूर्ण कार्यहरू एकीकृत रूपमा एकद्वार प्रणाली मार्फत कार्यान्वयनमा ल्याएर ।
(११) ठेक्का सम्झौता अनुसार नै आयोजना प्रमुखकै तहबाट छिटो र प्रभावकारी रूपमा आयोजना व्यवस्थापन एवं विवाद समाधान गर्न सकिने पर्याप्त बाध्यात्मक कानूनी प्रबन्ध गरेर ।
(१२) कानूनी प्रबन्धद्वारा आयोजनालाई बेरोकतोक कार्यान्वयन गर्न आयोजना स्थल र आयोजनासँग सम्बन्धित सम्पूर्ण कार्यलाई 'नो डिस्टर्ब एरिया' घोषणा गरेर ।
(१३) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रधानमन्त्रीको प्रत्यक्ष निर्देशनमा रहने गरी केन्द्रीय आयोजना कार्यान्वयन र समस्या समाधान महाशाखा स्थापना गरी सो मातहतमा सम्बन्धित मन्त्रालयस्तरीय अधिकारसम्पन्न स्थलगत द्रुत आयोजना समस्या समाधान टोली (अन-साइट क्विक प्रोजेक्ट रिजोलुसन टिम-ओएसक्यूपीआरटी) गठन गरी स्थलगत रूपमै तत्कालै समस्या समाधान गर्ने प्रणालीको विकास गरेर ( २०५१ सालमा बबई मूल नहर कार्यान्वयन समिति गठन गरी कार्य सम्पन्न गराइएको) ।
(१४) सम्बन्धित मन्त्रालयस्तरीय स्थलगत द्रुत आयोजना समस्या समाधान टोलीमा केन्द्रीय आयोजना कार्यान्वयन र समस्या समाधान महाशाखाको प्रतिनिधिको नेतृत्वमा सम्बन्धित मन्त्रालयको योजना महाशाखाको सह-सचिव, आयोजना प्रमुख, विभागीय प्रमुख, सम्बन्धित प्रमुख जिल्ला अधिकारी र आयोजना कार्यान्वयनसँग सम्बन्धित अन्तरमन्त्रालय/अन्तरनिकाय समेतको प्रतिनिधित्व गराई स्थलगत भ्रमणकै क्रममा निर्णय गरिने प्रणालीको विकास गरेर ।
(१५) बोलपत्र मूल्यांकन प्रक्रियामा लागत अनुमानको १५ प्रतिशतसम्म कम दर प्रस्ताव गर्ने प्रभावग्राही बोलपत्रदाताहरू मध्येबाट दोस्रो न्यूनतम बोल-कबोल गर्ने बोलपत्रदातालाई स्वीकृत गर्ने कानूनी व्यवस्था लागू गरेर ।
(१६) निर्माण सम्पन्न भएको ५ वर्षसम्म त्रुटि सच्याउने अवधि कायम गरेर ।
(१७) आयोजना सम्पन्न नहुँदासम्म वा निश्चित अवधिसम्म आयोजनामा प्राविधिक टिम स्थिर राख्ने व्यवस्था लागू गरेर ।
(१८) आयोजनाको टिम छनोट गर्ने अधिकार आयोजना प्रमुखमा रहने गरी कार्यस्वायत्तता सहित अधिकारसम्पन्न बनाउने व्यवस्था कानूनत: लागू गरेर ।

*(साभार: अनलाइनखबर)*

# ओलीलाई एकल नायक बनाउन एमालेमा फरक मत निषेध



काठमाडौं/मीनबहादुर गुरुङले जग्गासहित दानमा दिने केन्द्रीय कार्यालय भवन लिने निर्णयको विरोधमा बोलेकै कारण एमालेको कारबाहीमा पर्ने नेताहरूको सूची बढ्दै गएको छ। जग्गा लिने निर्णय स्वीकार्न नहुने सार्वजनिक अडान फिर्ता लिन नमानेको भन्दै कोशी प्रदेशसभाका पूर्वसांसद बिमल कार्कीलाई एमालेले ६ महिनाका लागि निलम्बन गऱ्यो।

'पार्टीको विरुद्धमा फेसबुकमा लेखिरहनुभयो, हामीले त्यस्तो नलेख्नुस् भन्यौं। तर स्पष्टीकरण सोधेपछि पनि लेख्नुभयो,' एमाले कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडा भन्छन्, 'त्यसपछि मात्र सुनलाई भनेर ६ महिना निलम्बन गरिएको हो।' अध्यक्ष खतिवडाका अनुसार गत २७-२८ पुसमा बसेको प्रदेश कमिटी बैठकले अरू दुई जनालाई पनि स्पष्टीकरण सोधेको छ। उनीहरूले सुने प्रतिबद्धता गरेकाले नाम सार्वजनिक नगरिने उनले दाबी गरे। 'सच्चिने कुरा भइसकेपछि नाम सार्वजनिक किन गर्नुपर्यो र! सुधियो, सक्कियो', अध्यक्ष खतिवडा भन्छन्।

तर पार्टी निर्णयविरुद्ध स्टाटस लेखेका कारण गत १६ मंसिरमा सोधेको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै बिमल कार्कीलाई एमालेले सबै जिम्मेवारीबाट निलम्बन गरेको छ। उदयपुर एमालेका पूर्वउपाध्यक्ष समेत रहेका कार्की भने पार्टीको अहितमा केही नलेखेको जिकिर गर्छन्। 'आलोचना र समर्थन गर्ने संस्कृतिबाट हुर्किएको हुँ। आलोचनात्मक चेत हुनुपर्छ भन्ने स्कूलिङ नै हो। त्यही लोकतान्त्रिक जीवनपद्दति बमोजिम राजनीतिक टिप्पणी गरेको हुँ', उनी भन्छन्, 'मीन गुरूङको दान अस्वीकार गर्नुपर्छ भन्ने कुरा त पार्टी सदस्यको मात्र नभएर आम नेपालीकै सरोकार हो।'

अनुशासनभित्रको स्वतन्त्रता प्रयोग गर्दै राजनीतिक विषयमा राखेको टिप्पणीलाई आधार मानेर कारबाही गर्ने कुराले एमालेभित्रको लोकतान्त्रिक प्रणालीमै प्रश्न उठेको कार्की बताउँछन्। 'मुलुक र पार्टीलाई अहित भइरहेको विषयमा मैले मेरो विवेक बन्धकमा राख्नुपर्ने कुरा त स्वीकार्न सकिन्न,' उनी भन्छन्, 'मैले जीवन बिताएको पार्टीमा कहिल्यै गलतलाई सही भन्ने स्कूलिङ थिएन।' मुद्दा खेपिरहेका व्यापारीले दानमा दिने घरबाट पार्टी कार्यालय चलाउन नहुने तर्क गर्दा निलम्बनमा पर्ने कार्की पछिल्ला नेता हुन्। पूर्वउपाध्यक्ष भीम रावल त पार्टीबाटै निष्कासित भइसके।

२०७९ मंसिरको दशौं महाधिवेशनमा केपी शर्मा ओलीसँगै अध्यक्ष पदमा प्रतिस्पर्धा गरेका रावललाई गत १० पुसको सचिवालय बैठकबाट एमालेले निस्कासन गरेको थियो। त्यही दिन स्थायी कमिटी सदस्य डा. विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमल्सेनालाई पनि ६ महिनाका लागि निलम्बन गरियो। यसअघि लुम्बनी प्रदेशसभा सदस्य दुर्गा चौधरी निलम्बनमा परेका थिए। पूर्वमन्त्री चौधरीलाई पनि पार्टीको निर्णयविरूद्ध फेसबुक स्टाटस लेखेको र सार्वजनिक अन्तर्वार्ता दिएको आरोप थियो। बाँके-१ (ख) बाट निर्वाचित सांसद चौधरीसहित अरू चार निलम्बनमा परेका छन्।

अर्थात् जग्गा दानमा लिने निर्णयविरूद्ध आवाज उठाउने जतिलाई निषेध गरेर जाने लगभग घोषित जस्तो नीति ओलीले लिएका छन्। उनले पार्टीकै वरिष्ठ नेताहरूकै कुरा सुनेका छैनन्। १० पुसको सचिवालय बैठकमा उपाध्यक्षत्रय युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र सुरेन्द्र पाण्डे सहित सात पदाधिकारीले बोलेकै कारण कसैलाई पार्टीबाट निकाल्ने हदसम्मको निर्णय नलिन सुझाव दिएका थिए। पछि केन्द्रीय कमिटी बैठकमा पनि खिमलाल भट्टराई, ठाकुर गैरे, रचना खड्काहरूले निलम्बन फुकुवाको माग राखे। तर गत २५ असोजमा गुरुङ दम्पत्ति र पत्नी राधिकासँग संयुक्त शिलान्यास गरेको दानको भवन लिने निर्णय सच्याउन ओली तयार भएनन्।

चर्को सार्वजनिक आलोचना र सर्वोच्चको अन्तरिम आदेश आउदा पनि टसमस नभएका ओलीलाई १ पुसको फैसलाले हौसला दियो। सर्वोच्चले १२ कात्तिकको आफ्नै अन्तरिम आदेश बदर गर्दै दानमा भवन लिन मिल्ने फैसला गरे लगत्तै ओलीले पनि कार्बाहीको डण्डा अगाडि बढाएका छन्। ओलीलाई पायक पर्नेगरी एमालेले निर्णय संस्थागत गरिसक्केको छ। ३० मंसिरमा सम्पन्न संगठन विभागको कार्यक्रमबाटै ६ बुँदे संकल्पमा सामाजिक सञ्जाल लेख्ने विषय उल्लेख गरिएको छ। 'यो कार्यशाला पार्टी र नेतृत्वका विरुद्ध षडयन्त्र र कुप्रचारको जमेर प्रतिवाद गर्दै पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशालाई जनताबीच स्थापित गर्ने संकल्प गर्दछ', संकल्पमा भनिएको थियो। त्यो कार्यशालामा महासचिव शंकर पोखरेलले सामाजिक सञ्जालमा लेख्ने कुरा पार्टी मूल्यांकनकै आधार हुने सूचना दिएका थिए। 'नेताहरुको मूल्यांकनको एउटा आधार सामाजिक सञ्जालमा पार्टी मान्यताहरुको रक्षा र अफवाहरुको प्रतिवाद उसले कसरी गर्छ भन्ने हुनुपर्छ' उनले भनेका थिए।

ओलीको निर्णयमा असहमति जनाउने जतिलाई कारबाही भइरहेको एमालेमा 'नेतृत्वको रक्षार्थ' भन्ने साझा मत नै तयार पारिँदैछ। त्यसको बलियो उदाहरण हो- गत २०-२३ पुसको केन्द्रीय कमिटी बैठक। 'नेतृत्वविरुद्ध घेराबन्दी छ, पार्टीको कार्यक्रम त्यसैअनुसार बन्नुपर्छ भन्ने एकप्रकारले साझा मत नै थियो', बैठकमा सहभागी एक केन्द्रीय सदस्य भन्छन्। फरक मत राख्नेहरूको भविष्य पार्टीमा सुरक्षित नदेखिएकाले पनि अध्यक्षको प्रशंसामा त्यस्तो बोलेको हुन सक्ने अनुमानसहित उनी भन्छन्, 'राजनीति भनेको शक्तिको खेल पनि भएकाले संघर्ष नहुने कुरै भएन। तर जुन प्रकारको निष्कर्ष पार्टीभित्र तयार हुँदैछ, त्यसले केही सन्देश त दिन्छ।'

निकट विगतका निर्णयहरू हेर्दा भने ओलीको राजनीतिक उचाइ प्रश्न भन्दा माथि लैजाने प्रयत्नकै निम्ति फरक मतप्रति निषेध भइरहेको बुझ्न गाह्रो पर्दैन। माधव नेपाल-झलनाथ खनालहरू एमालेबाट निस्किेपछि एकछत्र चलाइरहेका ओलीले पार्टी कार्यक्रममा अरू नेताको तस्वीर समेत प्रयोगमा ल्याउन छाडिसकेका छन्। गत वर्ष १ भदौमा अन्तरपार्टी निर्देशिका-८ जारी गरेरै ओली बाहेक अरू जिवित नेताको तस्वीर नराख्न मातहतको कमिटीलाई निर्देशन दिइएको थियो। 'कार्यक्रमको गरिमा र मर्यादालाई बढाउन अबदेखि पार्टी र जनसंगठनले आयोजना गर्ने सार्वजनिक कार्यक्रममा (तीन अग्रज नेताहरू- संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी र पूर्वअध्यक्ष मनमोहन अधिकारीका अतिरिक्त) पार्टी अध्यक्ष बाहेक अन्य फोटो प्रयोग नगर्ने निर्णय गरिएको छ', अपानिमा भनिएको थियो।

यसको कार्यान्वयन त १४ मंसिर २०८० देखि १८ दिनसम्म चलेको झुलाघाट-चिवाभञ्ज्याङ पुष्पलाल मध्य पहाडी संकल्प अभियानमा देखियो। अभियानभर अन्य पदाधिकारी सहित नेताहरूको भूमिका पछ्याउनेमा सीमित हुँदा हरेकजसो मञ्चमा पत्नी राधिका सहित ओली मुख्य आकर्षण बने। ओलीको चाहना बुझेपछि उनको वरिपरि रहनेहरुले भाषण, तस्वीरहरूको संकलन र स्टाटस लेख्ने होड नै चलाए। कतिसम्म भने एमालेमा अहिले ओली नगए कुनै गतिलो मञ्च तयार नहुने स्थिति देखिन थालेको छ।

जसको पुष्टि स्वयं ओलीकै भाषणबाट गर्न सकिन्छ। 'मैले यो कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलजीलाई बोलाउनुस्, मसँग समय थोरै छ, म बोल्न पनि भ्याउँदिन भनेर आग्रह गरेको थिएँ,' गत १ भदौमा पार्टीको भ्रातृसंस्था नेपाल राष्ट्रिय शिक्षक संगठनद्वारा आयोजित कार्यक्रममा ओलीले भनेका थिए, 'पार्टीका वरिष्ठ उपाध्यक्षलाई बोलाउन नमान्नुको कुनै कारण हुँदा पनि हुँदैन। मैले बुझ्या छैन किन नबोलाउनु भएको हो।'

**जे भन्थे, त्यो गरेनन्**

अहिले आफ्नै सचिवालयको शक्ति प्रयोग गरेर पार्टीमा अघि बढिरहेका ओलीले एमाले अध्यक्ष बन्नुअघि भने आन्तरिक लोकतान्त्रिकरण र नेतृत्व हस्तान्तरणका पक्षमा चर्को वकालत गरेका थिए। २०७१ सालमा दोस्रोपटक पार्टी अध्यक्षमा प्रतिस्पर्धा गरिरहँदा ओलीले आफ्नो प्रतिबद्धता सार्वजनिक गर्न पुस्तिका नै प्रकाशन गरेका थिए। 'जबज र पार्टी जीवनको लोकतान्त्रिकरण' शीर्षकमा मदन भण्डारी फाउण्डेसनले प्रकाशन गरेको उक्त दस्तावेजमा ओलीले पार्टीमा हुने लोकतान्त्रिक अभ्यासलाई गुटबन्दी सिर्जना (अराजकता) भन्नु गम्भीर गल्ती हुने तर्क गरेका थिए।

'लोकतान्त्रिकरणले गुटबन्दी सिर्जना गऱ्यो र बहुपदीय संगठनात्मक ढाँचाले बहुकेन्द्र निर्माण गर्यो भन्ने आपेक्ष लगाउनु भनेको नाच्न नजान्ने आँगनलाई दोष लगाए जस्तै हो' उक्त दस्तावेजमा तत्कालीन एमाले संस्थापनप्रति ओलीको उल्टै आरोप थियो, 'यस्ता आग्रहहरुमा एक नायकत्वको पुरातनपन्थी अवधारणा अभिव्यक्त भएको तथ्य स्पष्ट देख्न सकिन्छ।' एकल व्यक्तिको नेतृत्व रहँदा २०५४ सालमा पनि पार्टी फुटेको उदाहरण दिएर ओलीले लोकतान्त्रिक अभ्यासको पक्षपोषण गरेका थिए।

नवौं महाधिवेशनमा माधव नेपाललाई झिनो मतान्तरले हराएर अध्यक्ष जित्दा ओलीले आन्तरिक लोकतन्त्रलाई जबजकै अभिन्न अंग भएको तर्क गरेका थिए। कम्युनिष्ट आन्दोलनकै लोकतान्त्रिकरणलाई जबज मार्फत सैद्धान्तिकरण गरेका मदन भण्डारी आफ्नैले पनि लोक्तान्त्रिक अभ्यास अपनाएका थिए। ओलीले मदनका तिनै विचार दोहोऱ्याउँदै उक्त पुस्तिका लेखेका थिए।

२०४६ सालको संयुक्त जनआन्दोलनमा सहाना प्रधान वाममोर्चाको अध्यक्ष र तुलसीलाल अमात्य मानार्थ अध्यक्ष थिए। जबकि शक्तिका हिसाबले कम्युनिष्ट खेमाको बलियो प्रभाव तत्कालीन नेकपा मालेसँग थियो। तर त्यसका महासचिव मदन भण्डारीले अग्रजहरूलाई सम्मानित भूमिका दिएर पनि नेतृत्व लिए। निर्दलीय पञ्चायतको अन्त्यपछि पनि नेकपा (मार्क्सवादी) सँग एकता गरेर मदन भण्डारी दोस्रो बरियताको नेता बनेका थिए। नेपालकै पहिलो कम्युनिष्ट एवं पाका नेता मनमोहन अधिकारीलाई अध्यक्ष मानेर मदन भण्डारी महासचिव बसेका थिए। कम्युनिष्टहरूबीच एकता गर्ने प्रस्तावलाई पार्टीको नीति र नेतृत्वकै कुशलताको विषय बनाइएको थियो।

राज्य र पार्टी लोकतान्त्रिकरणबारे मसिनोगरी निष्कर्ष प्रस्तुत गरेका मदन भण्डारीले आफ्नो राजनीतिक दस्तावेज जबजलाई समेत मतदानमा सामेल गराएका थिए। महासचिव मदन भण्डारीसँगै सीपी मैनाली, मोहनचन्द्र अधिकारी, बद्री खतिवडा, रघुजी पन्तहरुको दस्तावेज मतदानमा लगिएको थियो। 'मदनको कार्यक्रममा फरक मत राखेर त्यसबेला मतदान गरियो, अत्याधिक मत जबजले नै पायो', पुराना एक नेता भन्छन्, 'मतदान गर्दा जबज कमजोर भएन, बरु बलियो विमर्श भयो। सातौं महाधिवेशनसम्म आइपुग्दा मार्गदर्शक सिद्धान्त नै मान्यौ।'

ती नेताका बुझाइमा, यदि पार्टीभित्रको बिमति वा प्रतिस्पर्धाले कुनै प्रस्ताव र व्यक्ति कमजोर हुने भए संभवत: मदन भण्डारी एउटा प्रक्रियामा सामेल सामान्य नेता भन्दा माथि उठ्ने थिएनन्। किनकि मदनले हरेक निर्णयमा ठूलठूला विमति र आलोचना खेप्नु परेको थियो। जसलाई मदन भण्डारी जबजकै एक अंश भनेर स्वीकार्थे।

'प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रको निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनुपर्छ। यो स्वभाविक र प्रकृतिसंगत कुरा हो। त्यसको उल्टो केवल शासक वर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाइने र विरोधमा मुख खोल्न नपाइने व्यवस्था अरू पक्षमा जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्दैन' मदन भण्डारीले जबजमै लेखेका थिए, 'प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरु, सामाजिक संस्थाहरु, नेताहरु र अधिकारीहरुको बारेमा आफूलाई लागेको कुराहरु स्वतन्त्र रुपमा बोल्न दिनुपर्छ।' पार्टी सदस्य र नागरिकले पाउने त्यस्तो सुविधालाई मदनले बहुलवाद र खुला समाजको अवधारणासँग जोड्थे। केपी ओलीले यी मान्यतालाई दोहोऱ्याउँदै मदनका विचारको सान्दर्भिकताबारे पैरवी गर्ने गर्थे।

एमाले अध्यक्ष हुँदै गर्दा ओलीले पनि पार्टीभित्र कुरा राख्ने, आन्तरिक प्रतिस्पर्धालाई स्वीकार्ने र छिटोछिटो नेतृत्व हस्तान्तरणको सार्वजनिक प्रतिबद्धता गरेका थिए। 'आफू बाहेक अरुले पार्टीको नेतृत्व गर्नै नसक्ने मनोदशा बोकेर कसरी नयाँ नेतृत्व निर्माण हुन सक्छ र राष्ट्रले नयाँ नेतृत्व पाउन सक्छ?' नवौं महाधिवेशनमा ओलीको प्रतिबद्धता थियो, 'म स्पष्ट गर्न चाहन्छु, अब पार्टी छिटोछिटो नयाँ नेतृत्व हुँदै नयाँ पुस्तामा नै जाने स्थिति सुनिश्चित गर्नुपर्छ। म त्यसका लागि मार्ग प्रशस्त गर्दै अघि बढ्न चाहन्छु।'

पार्टी सञ्चालनमा बहुपद र उमेर हदको पक्षधर ओली पार्टी नेतृत्वको नायकत्व रहने प्रणालीकै विरोधमा थिए। 'एउटाले आदेश दिने, अरु सबैले कार्यान्वियन गर्ने भन्ने खालको नायकत्वको जुन सोच छ, त्यो एकल नायकत्ववाला सोच हो' त्यसबेला पार्टीकै मुखपत्र नवयुगको अन्तर्वार्तामा ओलीले भनेका थिए, 'एउटा नायक एकल हुन्छ, अरु सबै सहयोगी भन्ने खालको यो अत्यन्तै पिछडिएको र सामन्ती चिन्तन हो।' बहुपद र सामुहिक निर्णय प्रणालीमै जोड दिँदै ओलीको थप तर्क थियो, 'हामी त नायकहरुको खेती गर्छौ र नायकहरु पैदा गर्छौं। हाम्रो गोलकिपर नायक छ, तर गोल हान्ने मान्छे चाहिँ छैन भन्ने खालको अवस्था हुनु हुँदैन। एक से एक एघारवटै हाम्रा खेलाडी मैदानमा एक-एक नायक र असाधरण हुनैपर्छ।'

ओलीले आफू पार्टीको नेतृत्व गर्ने अवसर पाउँदा बहुपदीय सामुहिक नेतृत्व संरचना र संस्थागत निर्णय प्रक्रिया अवलम्बन गर्ने प्रतिबद्धता गरेका थिए। उनी कतिसम्म हौसिएका थिए भने पार्टी विधानले दिएको पाँच वर्ष पनि नेतृत्वमा नरही अर्का नेतालाई हस्तान्तरण गर्ने प्रस्ताव अरु कोही होइन, उनै ओलीको थियो। 'म त भन्छु अब एक कार्यकाल पनि पुरा गर्नु हुँदैन। किनभने नेतृत्व निर्माण र हस्तान्तरणको प्रक्रिया धेरै अवरुद्ध भइसक्यो, त्यसलाई सहज र स्वभाविक रुपमा अघि बढाउन अब हामीले विशेष व्यवस्था गर्नुपर्छ' उक्त पुस्तिकामार्फत् ओलीको प्रस्ताव थियो, 'नेतृत्वका लागि यो पनि योग्य छैन, त्यो पनि छैन, यो पनि हुँदैन र त्यो पनि हुँदैन भन्नु गलत अवधारणा हो। उठ्नै नदिने, जिम्मेवारी नै नदिने, तर योग्य छैन भन्ठान्नु स्वयंमा गलत दृष्टिकोण हो।'

लिखित दस्तावेज र अन्तर्वार्ताहरूमा दिएको अभिव्यक्ति जस्तै ओलीले नवौं महाधिवेशनमा वामदेव गौतम र ईश्वर पोखरेलसँग नेतृत्व हस्तान्तरणको प्रतिबद्धता गरेका थिए। अध्यक्ष र प्रधानमन्त्री जस्ता पद पाउन सकिने सम्भावना स्वयं ओलीले देखाएपछि वामदेव गौतम, ईश्वर पोखरेलहरुले पनि विगतको गुट बदलेर ओलीलाई साथ दिन पुगेका थिए। तर पुरा अवधि पनि अध्यक्ष नबस्ने प्रतिबद्धता गरेका ओली तेस्रो कार्यकाल पनि नेतृत्व गर्ने योजनामा छन्। अझ समर्थकका विचारमा नारा नै चल्ने गरेको छ, 'आज होइन भोलिलाई, दश वर्ष ओलीलाई!'

तर ओली भने १० होइन, २० वर्ष नै जान सक्ने सम्भावनाबारे ढुक्क छन्। एमालेको कास्की जिल्ला अधिवेशन उद्घाटन क्रममा उनले केही समयअघि भनेका थिए, 'कतिलाई ओली नभइदिएको भए यसोउसो गर्न सकिन्थ्यो भन्ने लागेको होला, तर मेरो कपाल पलाउन थालेको छ। जुँगा पनि काला हुँदै गएका छन्। त्यसैले २० वर्ष अरूले आश नगरे हुन्छ।'

*(स्रोत: अनलाइनखबर)*

# सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति तयार, अर्थले माग्यो सुझाव

काठमाडौं/सरकारले सार्वजनिक वित्त व्यवस्थापन सुधार राष्ट्रिय रणनीति तयार पारेको छ। अर्थ मन्त्रालयका अनुसार ५ वर्षे यो रणनीतिको मस्यौदा तयार पारिएको हो।

यस रणनीतिमा आवश्यक राय-सुझाव दिन मन्त्रालयले सर्वसाधारणसँग आह्वान समेत गरेको छ। यो तेस्रो सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति हो। खासगरी सार्वजनिक वित्तको दक्षता अभिवृद्धि, स्रोत विनियोजन, वित्तीय अनुशासन कायम राख्ने र सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन सरकारले यस्तो रणनीति बनाउने गरेको छ।

मन्त्रालयका अनुसार यस रणनीतिमा वित्तीय नीतिमा सुधार, राजस्व परिचालन, बजेट, व्यय, आन्तरिक नियन्त्रण, ऋण, सम्पत्ति, लेखा र लेखा परीक्षण जस्ता विषय समेटिएका छन्।

जसमा सूचना प्रविधिको अधिकतम प्रयोग र क्षमता अभिवृद्धिमा जोड दिइएको छ। यसले तीन वटै तहका सार्वजनिक वित्तलाई पारदर्शी बनाउने र सुशासन कायम राख्न मद्दत गर्ने सरकारको अपेक्षा छ।

अर्थले उक्त रणनीतिको मस्यौदा सार्वजनिक गर्दै सुझाव मागेको हो। 'एफएफसीडी एट एमओएफ डट जीओभी डट एनपी' मा यस्तो सुझाव दिन सकिने समेत अर्थले जनाएको छ।

# 'दुःखी आत्मा': आँचललाई 'ब्रेकअप कविता' सुनाउँदै दयाहाङ





काठमाडौं/प्राय: फिल्मको प्रचारात्मक सामाग्रीको रुपमा गीत, टिजर वा ट्रेलर सार्वजनिक गरिन्छ।

तर, आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दुःखी आत्मा'को निर्माण टिमले भने फरक प्रयोग गर्दै बिहीबार 'ब्रेकअप कविता' नाम दिएर एक भिडियो सार्वजनिक गरेको छ, जसमा फिल्मका मुख्य अभिनेता दयाहाङ राईले अभिनेत्री आँचल शर्मालाई कविता पढेर सुनाइरहेका छन्।

उक्त कविताले सहमतिमा प्रेम सम्बन्ध टुंग्याएका जोडीको भाव अभिव्यक्त गर्छ। यसबाट दयाहाङको पात्र फिल्ममा कवि रहेको प्रष्ट बुझिन्छ। उनले वाचन गरेको कविता कवि तथा गीतकार श्रवण मुकारुङले लेखेका हुन्। सार्वजनिक भिडियोमा दयाहाङ र आँचलबीचका प्रेमिल दृश्यहरु पनि छन्। केही दृश्यमा भने दयाहाङलाई निराश भावमा देख्न सकिन्छ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशन रहेको फिल्मलाई हिमाल कडरियाले निर्माण गरेका हुन्। यसमा दयाहाङ र आँचलसहित अनुप विक्रम शाही, वुद्दि तामाङ, रेयर राई, पुष्कर गुरुङ, कविता आले लगायतको अभिनय छ। सुदीप बराल कार्यकारी निर्माता रहेको फिल्ममा आलोक शुक्लाको छायांकन तथा निमेष श्रेष्ठको सम्पादन छ।

केही दिनअघि सार्वजनिक टिजरले दर्शकमाझ 'दुःखी आत्मा'को राम्रो हाइप बनाएको छ। यौन आकर्षण र दुर्बलताको कथा पेस गरिएको टिजरमा दयाहाङको पात्र इरेक्टाइल डिसफंक्शन अर्थात् नपुंसकता (सम्भोगको क्रममा उत्तेजना नहुनु) समस्याबाट पीडित देखिन्छ। टिजरमा पनि उनले वाचन गरेको कविताको अंश सुन्न सकिन्छ। 'दुःखी आत्मा'लाई 'एडल्ट ड्रामा' भनिएको छ।

# 'सारंग'को 'तिमी नै हौ' गीतमा दुई बालकको मित्रता



काठमाडौं/यही माघ २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'सारंग'को पहिलो गीत 'तिमी नै हौ' सार्वजनिक गरिएको छ। देवेन्द्र बरालको पार्श्व गायन रहेको उक्त गीतमा शंकर थापा 'स्माइल'को संगीत तथा सुमन सिंगलको शब्द रचना छ। सुष्मा राईको नृत्य निर्देशनमा तयार भएको गीतको भिडियोमा फिल्मका दुई मुख्य पात्र आदित्य कार्की र सम्राट थापाबीचको मित्रता देखाइएको छ।

कोरियोग्राफरको रुपमा परिचित प्रशान्त तामाङको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा आदित्य र सम्राटसहित ऋचा शर्मा, उत्पल झा, सुरज तमु, समीरमणि दीक्षित, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, विश्व स्याङ्बो, दीपिका थापा, सुमन सागर जंग केसी, प्रभात श्रेष्ठ लगायतको अभिनय छ। ऋचा र उत्पल श्रीमान्-श्रीमतीको भूमिकामा छन्।

दर्शन बुद्ध फिल्म्सको प्रस्तुतिमा बनेको 'सारंग'को निर्मातामा प्रेम तामाङ र फूलमाया तामाङ छन्। पुष्पा लिम्बू र बिनु गुरुङ सह-निर्माता रहेको फिल्ममा शंकर थापा 'स्माइल' र नकुल कार्कीको संगीत, गोपाल रायको डिओपी, मित्र डि गुरुङको सम्पादन तथा सास्वत श्रेष्ठको ब्याकग्राउन्ड स्कोर छ। फिल्मले बाल मनोविज्ञान र धनी-गरिबबीचको खाडलको कथा देखाउने जनाइएको छ।

# 'ल्हो-छाम्पा'बाट ६ वर्षपछि निर्देशनमा फर्किंदै नरेश

काठमाडौं/'डाइङ क्यान्डल' र 'रोमियो एन्ड मुना'का निर्देशक नरेशकुमार केसी नयाँ फिल्म 'ल्हो-छाम्पा'बाट ६ वर्षपछि निर्देशनमा फर्किने भएका छन्। बिहीबार थिम पोस्टर सार्वजनिक गर्दै उक्त फिल्मको घोषणा गरियो। फिल्मले सन् १९९० को दशकमा भुटानबाट विस्थापित भएका शरणार्थीको कथा भन्ने जनाइएको छ। 'ल्हो-छाम्पा' शब्दले भुटानको दक्षिण भेगमा बस्ने नेपालीलाई चिनाउँछ।

फिल्मलाई नक्षत्र लाइभ म्युजिकका लागि अर्जुन सुवेदीले निर्माण गर्नेछन्। तेस्रो देश पुनर्वास कार्यक्रमअन्तर्गत हाल अमेरिकामा रहेका सुवेदीले नक्षत्र फाउन्डेसन र नक्षत्र लाइभ म्युजिकबाट नेपाली गीतसंगीत र कलाका अन्य विधामा योगदान गरिरहेका छन्। उनले आफूले भोगेको समयलाई दस्तावेजीकरण गर्ने उद्देश्यले फिल्म बनाउन लागेको बताएका छन्।

निर्देशक केसीले मान्छेको स्मृतिदंश र पहिचानबिनाको अवस्थालाई फिल्मले प्रस्तुत गर्ने बताए। 'मानिस जहाँ गए पनि उसलाई उसको स्मृतिले सधैं पछ्याइरहन्छ। फिल्मले त्यस्तै स्मृति र मान्छेको भूगोलसँग जोडिएको पहिचानको कथा भन्छ। सँगसँगै कथाले आप्रवासनका आयामलाई पनि समेट्ने छ,' उनले प्रष्ट पारे। निर्देशनको हिसाबले यो नरेशको तेस्रो फिल्म हुनेछ।

'ल्हो-छाम्पा'मा सामीप्यराज तिमल्सेनाको पटकथा र अर्जुनको पोखरेलको संगीत रहनेछ। संगीतकार पोखरेलले फिल्ममा कथासँग जोडिएर आउने गरी गीत तयार गरिने जानकारी दिए।

भुटानबाट नेपालीभाषी लखेटिँदाको अवस्था, शरणार्थी शिविरका पीडा र तेस्रो देश पुनर्वासमा जानुअघि शिविरमा देखिएका द्वन्द्वलाई फिल्मले प्रस्तुत गर्नेछ। फिल्ममा कलाकारहरु भने तय भएका छैनन्।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस्।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# वनकरिया बस्तीमा पगेर गुनासो सुन्ने बाहेक उपलब्धी देखिएन

साझाकुरा संवाददाता




हेटौंडा, ३ माघ/ मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा रहेको वनकरिया बस्तीमा अन्तरसम्वाद गरिएको छ । स्थानीय वनकरियाले बर्षौदेखिका समस्या सांसदसमक्ष राखेका छन् ।

मकवानपुरगढी सञ्चार प्रा.लि. हेटौंडाको आयोजना, नर्बेजियन दुतावास काठमाडौं तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा वनकरिया समुदायका विविध सवालमा जनप्रतिनिधि र जनताबीच अन्तर सम्वाद गरिएको हो । कार्यक्रममा बागमती प्रदेशका उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठ, पूर्वमन्त्री तथा बागमती प्रदेशसभाका सदस्य कुमारी मोक्तान, प्रदेशसभा सदस्यहरु समिता खड्गी, सुना परियार, गिरबहादुर तामाङ वनकरिया बस्तीमा पुगेका थिए । पाँचैजना सांसद वनकरियाका भोगाइ, अहिलेसम्मका समस्या सुनेर फर्किएका छन् ।

कार्यक्रममा युएनडिपिका नीति तथा कार्यक्रम समर्थन व्युरो उपसहायक प्रशाशक र उपनिर्देशक डा. फ्रान्सिन पिकअपले वनकरिया समुदायका समस्या सांसद र आफूले बुझेको बताए । कार्यक्रममा सहभागी सांसदले वनकरियाका समस्या बुझ्नु भएकाले अब नीतिनिर्माण तहमा काम गर्नेमा आफूले विश्वास लिएको बताए । वनकरिया समुदायले पनि समस्या निर्धक्क भएर राखेका थिए ।

लोपोन्मुख जाति वनकारियाको समस्याका विषयमा बागमती प्रदेशसभा र प्रदेशसभाको समितिमार्फत् समाधान गर्ने प्रतिवद्धता जनाइएको छ । वनकरिया समुदायका विविध सवालमा जनप्रतिनिधि र जनताबीच अन्तर संवादमा सहभागी प्रदेश सांसदले वनकरिया समुदायको न्यायका लागि पहलकदमी चाल्ने प्रतिवद्धता जनाएका हुन् । राष्ट्रिय निकुञ्ज क्षेत्रको जमिनमा बसोबास गर्दै आएका वनकरियालाई जग्गाधनी पुर्जा उपलब्ध गराइदिन गरेका उनीहरुको मागको सम्बोधन गर्दै प्रदेशसभा सदस्य तथा प्रदेश समितिका सभापतिले उनीहरुको न्यायका लागि सदन र समितिमा आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

मुसेधापमा भएको कार्यक्रममा पत्रकार गोविन्द खड्काले कार्यक्रमको सहजीकरण गरेका थिए । प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण समितिका सभापति आनन्द श्रेष्ठ, शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सदस्य कुमारी मोक्तान, सार्वजनिक लेखा समिति सदस्य गिरबहादुर तामाङ, अर्थ तथा विकास समितिका सदस्य सुना परियार र शिक्षा समतिकै समिता खड्कीले वनकरिया समुदायको सवालको जवाफ दिएका थिए ।

सांसदहरुले वनकरिया बस्तीमा पहिलो कार्यक्रम र उपस्थिति भएको बताए । सभापति श्रेष्ठले वनकरियाबीचमा आफू पहिलोपटक उपस्थित भएको बताए । वनकरियाको हकअधिकारको लागि सम्बन्धित क्षेत्रको जनप्रतिनिधि नै सक्रिय हुनुपर्ने बताउँदै उनले भने, 'प्रदेशसभाको समितिको तर्फबाट गर्नुपर्ने कामलाई हामीले हेरिहरेका छौं । नजिकबाट नियालिरहेका छौं ।'

शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सदस्य तथा प्रदेशको पूर्वमन्त्री मोक्तानले बस्तीमा यो भन्दा धेरै समस्या रहेको स्मरण गरिन् । समुदायमा यो भन्दा पहिला धेरै समस्या थियो, उनले भनिन्, 'पछिल्लो समय वनकरियालाई विभिन्न सेवासुविधा उपलब्ध गराइएको छ । जग्गा प्राप्तिको लागि पनि प्रयत्न गरिरहेको छ । प्रदेश सरकारले जमिनको विषयमा बोल्न सक्छ । तर, अपनत्व लिन सक्दैन । किनकी यो संघको अधिनमा छ ।'

सार्वजनिक लेखा समिति सदस्य तामाङले वनरियाबस्तीको संरक्षण र अधिकारको लागि समितिमा आवाज उठाउने र सदनबाट कानुन बनाउने बताए । अर्थसमितिकी सदस्य परियारले वनरिया समुदायको पीडा सुनेको भन्दा आँखाले देख्दा निकै दु:खदायी रहेको बताइन् । यसअघि वनकरियाको विषयमा सदन र समितिमा कहिल्यै अवाज नउठाएको स्वीकार गर्दै उनले भनिन्, 'यसअघि यसरी बुझ्ने मौका पाइएको थिएन । आजको कार्यक्रमले वनकरियाको दु:ख बुझ्ने मौका पायौं । अब पक्कै पनि सदनमा कुरा उठाउनेछु ।'

शिक्षा स्वास्थ्य तथा कृषि समिति सदस्य खड्कीले वनकरिया समुदायका हितका लागि यसअघि केही नगरे पनि आगामी दिनमा यस समुदायको अधिकारको लागि आवाज उठाउने बताइन् । सन्तोषी वनकरियाले वनकरिया जाति भूमि पूजक भएर पनि किन जग्गाधनी पुर्जा पाएनौं ? भनेर प्रश्न गरिन् । २०६२ सालमा २० वर्षको लागि दिइएको कागजको समय २०८२ बैशाखमा सकिँदै छ । त्यसपछि हामी कहाँ जाने ? मैले साबुन उत्पादन गर्ने सीप सिकेको थिएँ । जानेको सीपको प्रयोग गरेर व्यवसायी बनौं न त भन्दा लालपुर्जा नभएर प्यान दर्ता गर्न पाइनँ । व्यवसाय दर्ता गर्न नपाएपछि काम नै तीन महिना रोकियो । वडाध्यक्षले आफ्नो जग्गा राखेर उद्योग दर्ता गर्ने वातावरण बनाइदिनुभयो । सधैं हामी यसरी नै कतिञ्जेल चल्ने ?

संगिता वनकरियाले आफ्नो समुदायको लागि भत्ता होइन, रोजगारी चाहिएको बताइन् । लालपुर्जा र रोजगारी भए सरकारले दिएको भत्ता बन्दा बढी हुने उनले बताइन् । सरकारले वनकरियाका बालबालिकालाई १ देखि १० कक्षासम्म निशुल्क पढाएको छ भन्छन् । भएको अलिकति जग्गामा पनि उत्पादन हुँदैन । महिनाको ४ हजार रुपैयाँ भत्ता आउँछ । त्यो पनि तीन/तीन महिनामा । त्यो बेलासम्म उपचार गर्न, खान र बालबच्चा पढाउन लाखौं खर्च भैसक्छ । यसको जिम्मेवारी कसले लिन्छ ?

राम वनकरियाले आफूहरु बसोबास गर्ने स्थानमा बाटोको पनि असुविधा रहेको बताए । बर्खामा खोलाको बाटो हिड्नै सकिँदैन । बालबालिकालाई विद्यालय पुग्न मुस्किल छ । भएको कच्चीबाटोमा वर्षभरी गाडी चल्ने व्यवस्था मिलाइदिन पऱ्यो । स्थानीय सरकार र प्रदेश सरकारले हाम्रो समस्यामा पनि ध्यान दिनुपऱ्यो । कुमार वनकरियाले एसएलसी पास भएका भाइबहिनीको रोजगारीको ग्यारेण्टी सरकारले नलिएको प्रति गुनासो गरे । एसएलसी पास भएका मेरा भाइबहिनीहरु अहिले ट्याक्टरमा लोडअनलोड गर्ने, कुचो लगाउने काम गरिरहेका छन् । बनकरियालाई एसएलसी पास गर्नुस् जागिर लगाइदिन्छु भन्नुहुन्थ्यो । खोई त हाम्रा लागि जागिरको अवसर ?

# प्रदेश समन्वय परिषद् बैठक हेटौंडामा



साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ बागमती प्रदेश समन्वय परिषद्को पाँचौ बैठक बिहीबारदेखि हेटौंडामा सुरु भएको छ । संघ, प्रदेश र स्थानीय तह ऐन, २०७७ को दफा २४ (१) को व्यवस्था अनुसार परिषद् बैठक आयोजना गरिएको हो ।

मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा बैठक बसेको हो । बैठकमा प्रदेश सरकारका मन्त्रीहरु, स्थानीय जनप्रतिनिधि, जिल्ला समन्वय समितिका प्रमुख ललित घलानलगायतको उपस्थिति रहेको छ । बिहीबार बसेको पहिलो दिनको बैठकमा ३ वटा कार्यपत्र प्रस्तुत भएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव वेदप्रसाद भण्डारीले प्रदेश तथा स्थानीय तहका कर्मचारी व्यवस्थापन, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले विपद् व्यवस्थापन र यसका चुनौती र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्ण मैनालीले अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँड विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्र माथिको छलफलमा बोल्दै गाउँपालिका महासंघ बागमती प्रदेशको अध्यक्ष कर्णबहादुर मगरले प्रदेश लोकसेवा आयोग र सुशासन केन्द्रलाई क्रियाशील बनाउन सरकारको ध्यानाकर्षण गराए । त्यसैगरी रसुवाको उत्तरगया गाउँपालिका उपाध्यक्ष चमेली गुरुङले जनप्रतिनिधिको लागि क्षमता अभिवृद्धिको तालिमहरु सञ्चालन गर्नुपर्नेमा जोड दिएकी थिइन् ।

त्यसैगरी छलफलमा जिल्ला समन्वय समिति काभ्रेका प्रमुख दीपकप्रसाद गौतमले डोजरे विकासलाई निरुत्साहित गर्नुपर्ने बताए । आन्तरिक श्रोतको नाममा प्रकृतिको दोहन गर्ने काम भइरहेको उनले बताए । रामेछाप नगर पालिका प्रमुख लवश्री न्यौपानेले दीर्घकालीनरुपमै भौतिक संरचना निर्माणमा देखिएका समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिए । शुक्रबारको बैठकमा बागमती प्रदेशको दोश्रो आवधिक योजना, प्रदेश आयोजना बैंक सञ्चालन र प्रादेशिक औद्योगिक व्यापार ऐनको कार्यान्वयनको अवस्था विषयक कार्यपत्र प्रस्तुत हुने बताइएको छ ।

तीनै तहका सरकारबीच अधिकार बाँडफाँड, विकास निर्माण, कानुन निर्माणमा समन्वय एवम् सहकार्य र उत्पन्न विवाद संवादबाट समाधान गर्न सहजीकरण गर्न परिषद्को बैठक बस्ने गरिन्छ । यसअघि बागमती प्रदेशमा २०७५ जेठ ७ र ८ गते पहिलो बैठक, २०७६ जेठ २९ र ३० गते दोस्रो बैठक, २०७७ चैत्र १२ गते तेश्रो बैठक र २०८१ जेठ १० गते चौथो बैठक बसेको थियो ।

# हेटौंडा-५ बालमैत्री घोषणा हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/हेटौंडा उपमहानगरपालिका-५ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा शनिबार गरिने भएको छ ।

बिहिबार पत्रकार सम्मेलन गर्दै यही माघ ५ गते वडालाई निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने जानकारी दिइएको हो । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मुलसमारोहका संयोजक समेत रहेका वडाअध्यक्ष सुशील घिमिरेले बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ सूचकमध्ये ४७ सूचकमा शतप्रतिशत नतिजा हासिल भएको बताए ।

पूर्णखोप वडा घोषणा, पूर्णसाक्षर वडा घोषणा, खुल्ला दिशामुक्त वडा घोषणा भईसकेको वडासदस्य ज्ञानबहादुर थापाले बताए । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र कार्यान्वयन कार्यविधि, २०७९ को मार्गदर्शन अनुसार वडाले बालमैत्रीको लागि पौने २ लाख बजेटमा आवश्यक तयारी गरिएको थापाले जानकारी दिए । वडा नं. ५ मा घरधुरी सर्वेक्षण २०७९ अनुसार कुल बालबालिका ३ हजार ७ सय ९८ जना छन् । जसमा बालिका १ हजार ७ सय ८२ र बालक २ हजार १६ जना रहेका छन् ।

वडामा सामुदायिक र संस्थागत गरी ९ वटा विद्यालय संचालनमा छन् । यस वडामा २४ वटा बालसमूह र एक वडास्तरी बालसमूह सञ्जाल रहेको छ । जसमा ६ सय जना बालबालिका आबद्ध छन् भने संरचनागत समितिमा जम्मा ६ सय ४६ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको छ ।

# एआई दुरुपयोग रोक्न युवाले प्रजिअलाई ध्यानाकर्षणपत्र बुझाए

साझाकुरा संवाददाता



हेटौंडा, ३ माघ/ मकवानपुरे युवाले कृत्रिम बौद्धिकता (एआई) को दुरुपयोग सम्बन्धमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी मार्फत् संघीय सरकारको ध्यानाकर्षण गराएको छ ।

बिहिबार युवा संघ मकवानपुरका अध्यक्ष राजेश नगरकोटीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रजिअ तीर्थराज चिलुवाललाई ध्यानाकर्षणपत्र बुझाएको हो । एआईको दुरुपयोगले समाजमा नकारात्मक असर परेको भन्दै सामाजिक सञ्जालमा देखिएको विकृतिप्रति युवा संघले आपत्ति जनाएको छ । एआईको प्रयोग गरी चरित्रहत्या गर्ने, समाजमा भ्रम फैलाउने, झुठा समाचार प्रसार गर्ने, व्यक्तिको प्रतिष्ठा गिराउने खालका नकारात्मक गतिविधिलाई तत्काल रोक्ने उपाय निकाल्न यूवा संघले ध्यानाकर्षणपत्रमार्फत् माग गरेको हो ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रजिअ चिलुवालले ध्यानाकर्षणपत्रमा उठान भएका विषयवस्तु निकै संवेदनशील रहेको बताए । संघको मागप्रति आफू सकारात्मक भएर अघि बढ्ने आश्वासन दिए । टोलीमा नेकपा एमाले मकवानपुरका जिल्ला कमिटी सदस्य सानु लामा, युवा संघका केन्द्रीय सदस्य प्रकाश लामा, जिल्ला सहसचिव आशिष थापा, जिल्ला कोषाध्यक्ष विश्वराज विक्ल, सचिवालय सदस्य शिवबहादुर वाईबालगायतको उपस्थिति रहेको थियो ।

# निजामतीमा अवकाश उमेर ६३ देखि ६५ वर्ष पुऱ्याउन सुझाव

काठमाडौं, ३ माघ/ जनसंख्याविद् तथा जनसंख्या विश्लेषकहरूले निजामती सेवामा अवकाश उमेर बढाउन सुझाव दिएका छन् । बिहीबार संसदको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उनीहरूले यस्तो कानुनी व्यवस्थाका लागि आग्रह गरेका हुन् ।

नेपालीहरूको औसत आयु बढेको कारण र छिटो अवकाश दिदा राज्यलाई भार पर्ने लगायतका आधारमा समेत कर्मचारीको अवकाश उमेर बढाउन उपयुक्त हुने उनीहरूको राय छ । राज्य व्यवस्था समितले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धी विधेयक'बारे छलफल गर्न जनसंख्याविद्हरूलाई बोलाएको थियो ।

छलफलमा त्रिभुवन विश्वविद्यालयमा जनसंख्यामा एमफिल पीएचडी गर्दै गरेका जनसंख्या विश्लेषक चेतन अधिकारीले अवकाशको उमेर ६३ वर्षदेखि ६५ वर्षसम्म पुऱ्याउन सुझाव दिए ।

'६० देखि ६४ वर्ष उमेर समूहलाई अर्ली एजिङ भनिन्छ । यो उमेरलाई एक्टिभ एजिङका रुपमा व्याख्या गरिन्छ । त्यसैले हामीले कम्तीमा तीन दशकलाई उपयुक्त हुने गरी निजामतीको अवकाशको उमेर ६३ वर्षदेखि ६५ वर्षसम्म कायम गर्न विविभन्न सुचकहरूले अनुमति दिन्छ' उनले भने ।

प्रचलित ऐनमा अवकाश उमेर ५८ वर्ष छ । यसलाई बढाएर ६० वर्षमा अवकाश हुने प्रावधान राख्ने प्रस्तावित निजामती सेवा विधेयकमा छ । तर, नेपालको बदलिंदो जनसांखियक संरचना र स्वरुप अनुसार निजामती सेवालाई समय सापेक्ष र जनतामुखी बनाउनका लागि अवकाश उमेर अझै बढाएर ६५ वर्षसम्म पुऱ्याउनु उपयुक्त हुने राय अधिकारीको छ ।

अवकाश उमेर बढाउन उपयुक्त हुने रायका कारणहरूबारे अधिकारी भन्छन्, 'जनसंख्याको विद्यमान बनावट, औसत आयु, श्रमिकको उपलब्धता, राज्यलाई पर्ने आर्थिक भा, स्वास्थ्य सेवाको अवस्था र सेवाको प्रकृतिलाई आधार मान्दा अवकाश उमेर हद ६५ वर्षसम्म पुऱ्याउन सकिन्छ ।'

नेपालमा अवकाश उमेर सबैतिर एकै छैन । निजामती सेवाका कर्मचारीलाई ५८ वर्षमा अवकाश दिइन्छ । विश्वविद्यालयमा अवकाशको उमेर ६३ वर्ष छ । सर्वोच्च अदालतका न्यायाधीशको अवकाश उमेर ६५ वर्ष छ । शिक्षक तथा स्वास्थ्यकर्मीको ६० वर्ष छ ।

*(स्रोत: अनलाइनखबर)*


## यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.को
## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८१।१०।०१*

यस संस्थाको मिति २०८१।०९।१५ गते बसेको कार्यसमितिको नवौं वैठकको निर्णय अनुसार संस्थाको सोह्रौ वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णयका लागि २०८१।१०।०५ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । तत् सम्बन्धी सूचना पठाइसकिएको छ यदी पाउनु नभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**वार्षिक साधारण सभा हुने:**
**मिति:** २०८१ माघ ५ गते शनिबार
**समय:** बिहान: १०:३० बजेदेखि
**स्थान:** दर्शन पार्टी प्यालेस, हेटौंडा

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु :**
१. सचिवको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. लेखा समिति प्रतिवेदन सम्बन्धमा ।
४. माइन्युट प्रमाणित प्रतिनिधि चयन सम्बन्धमा ।
५. कारोबार नगरी बाँकी राखेको बक्यौता शेयरमा मिलान गर्ने सम्बन्धमा ।
६. विविध

देवनाथ लामिछाने
सचिव
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर



## हार्दिक बधाई तथा शुभकामना


**श्री प्रमोदसिंह रानाभाट**
अध्यक्ष


**श्री राजु अधिकारी**
वाणिज्य उपाध्यक्ष


**श्री दिपक उप्रेती**
उद्योग उपाध्यक्ष


**श्री उज्जवल चौलागाई**
एशोशिएट उपाध्यक्ष


**श्री काव्यमणि अधिकारी**
वस्तुगत उपाध्यक्ष


**श्री प्रतिमा श्रेष्ठ**
महासचिव


**श्री तेजराज अधिकारी**
कोषाध्यक्ष


**श्री कुलप्रसाद चौलागाई**
वाणिज्य सचिव


**श्री रुपकराज दाहाल**
उद्योग सचिव


**श्री माधव ज्ञवाली**
एशोशिएट सचिव


**श्री नेत्रप्रसाद खतिवडा**
वस्तुगत सचिव


**श्री राजाराम कार्की**
वस्तुगत सचिव


**श्री निलम वैद्य**
सह-कोषाध्यक्ष

मकवानपुर उद्योग वाणिज्य संघको ५८ औं वार्षिक साधारणसभा (पुस २४-२७) बाट **प्रमोद सिंह रानाभाट** नेतृत्वमा निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरुमा हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सुमन्त सिलवाल, प्रशासक एवम्
**हेटौंडा सिटी कलेज परिवार**
**जेनिथ सेकेण्डरी स्कूल परिवार**
**पाठशाला सप्लायर्स परिवार**
हेटौंडा, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना